# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८४८३१३८


मितिः २०७६/०१/२०

पत्र संख्याः २०७५/०७६
चलानी नम्बर ...............

## गोप्य रुपमा सूचना उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस नगरपालिकाको देहायका स्थानहरुमा लागुपदार्थको सेवन गर्ने, मादक पदार्थ, लागु पदार्थको सेवन गरी होहल्ला गर्ने, सार्वजनिक शान्ति सुव्यवस्थामा खलल पुर्याउने किसिमले गतिविधि संचालन गर्ने, सर्वसाधारण मानिसहरुलाई धम्क्याउने, त्रसित बनाउने, लाखौं रकमको बाजी राखी जुवातास खेल्ने लगायतका सामाजिक विकृती र विसंगतिजन्य क्रियाकलाप भईरहेको सूचना प्राप्त भएकाले यस्ता सामाजिक विकृती र विसंगतिजन्य कार्यहरुमा संलग्न हुने व्यक्तिहरुको गोप्य रुपमा सूचना इलाका प्रहरी कार्यालय, नगरपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा उपलब्ध गराई सार्वजनिक शान्ती, सुव्यवस्था र अमनचयन कायम गर्न एवम् सामाजिक विकृती र विसंगतीको उन्मुलन गरी समतामुलक, न्यायपुर्ण र दिगो समाजको निर्माणमा साथ र सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

**स्थानहरुः-** आठविसकोट नगरपालिका वडा नं.- ९, स्थित राडीबजार क्षेत्र, बालकल्याण मा.वि. रहेको स्थानको वरीपरी, हाल इलाका वन कार्यालय रहेको स्थान आसपास र वडा नं. ११ सिमबजार क्षेत्र ।

***पुनश्चः*** *लागुपदार्थ, मादक पदार्थ सेवन गरी एवम् वितरणमा केही कर्मचारी र शिक्षकहरुको संलग्नता रहेको र निजहरुले नै युवाहरुलाई संगठीत गरी यस्ता विकृति र विसंगतिजन्य क्रियाकलाप बढाईरहेको सूचना प्राप्त भएकोले त्यस्ता कर्मचारी एवम् शिक्षकहरुको विवरण गोप्य रुपमा उपलब्ध गराईदिनु हुन समेत अनुरोध छ ।*

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत